मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

फोन नं. ९८५५०३८७३७
ईमेल agrisciencepars a@gmail.com

# कृषि ज्ञान केन्द्र

वीरगंज, पर्सा

कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, पर्सा
वीरगंज

सूचना!  सूचना!!  सूचना!!!


यस कृषि ज्ञान केन्द्र पर्साको आयोजना र माटो तथा मल परिक्षण प्रयोगशाला, राजविराज ससरीको प्राविधिक सहयोगमा यही जेठ ५ गते सोमबारका दिन पर्सागढी नगरपालिकाको कार्यालय हरपुर, ६ गते पोखरीया नगरपालिकाको कृषि सेवा केन्द्र, वडा-४ मा र ७ गते जिराभवानि गाउँपालिकामा माटो परिक्षण शिविर सञ्चालन हुने भएकोले पर्सा जिल्ला अन्तर्गतका कृषकहरूले आ - आफ्नो खेतबारीको माटो जाँच गर्नको लागि शिविर सञ्चालन हुने स्थल वा आ आफ्नो पालिकाको कृषि शाखामा यही जेठ ४ गते भित्र माटोको नमूना उपलब्ध गराउनु हुन अनुरोध छ । माटोको नमूना संकलन गर्ने तरिका तथा थप जानकारीको लागि कृषि ज्ञान केन्द्र पर्सा वा आ आफ्नो पालिकाको कृषि शाखामा सम्पर्क राख्न सकिने छ ।


Scanned with CamScanner

# माटोको नमूना संकलन गर्ने तरिका

## अन्न तथा तरकारी बालीका लागि


एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, भिरालो पना आदि) भएको जमिनबाट १ बटा नमूना तयार पार्ने।





एउटा माटोको नमूना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमूना लिनु पर्दछ।


प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो 'V' आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने।








सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसंग मिसाउने।




यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरुलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने।




बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसंग मिसाएर पुन: ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोका नमूना करिब १/२ के.जी. नभएसम्म दोहोर्‍याउने। आधा के.जी माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने।

## फलफूल बालीको लागि

फरक किसिमका माटो (जस्तै रङ्ग, बनावट, भिरालोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमूना तयार पार्ने।







छनोट गरिएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक वटा ३ फिट गहिराईको खाडल खन्ने। माटोको नमूना लिने खाडलको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २, र ३ फिट गहिराईमा चिनो लगाउने।

चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडांमा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना संकलन गर्ने।




यसरी छुट्टा छुट्टै संकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोर्‍याउने।




यसरी तयार गरेको माटोलाई सफा प्लाष्टिकको थैलोमा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण जमिनका गहिराई खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने।

माटोको नमूना परिक्षण गर्न पठाउँदा निम्न अनुसारको विवरण हुनु पर्छ।

नाम :—————————————

ठेगाना :—————————————

खेतको नाम वा कि.नं. :—————————————

लगाउने बाली :—————————————

सिंचीत वा असिंचीत जग्गा :—————————————

Scanned with CamScanner

## माटो नमूना साथ हुनु पर्ने विवरण

१. कृषकको नाम :

२. ठेगाना : जिल्ला................ गा.पा./न.पा............................वडा नं....

३. लगाउने बालीको नाम :.............................. जात.......................

४. खेतको नाम वा कित्ता नं...........

५. सिंचाईको अवस्था : सिंचित वा असिंचित

६. देखा परेको समस्या :

७. नमूना सङ्कलन मितिः-

८. सम्पर्क नं.:-

Scanned with CamScanner